शिवनाथ गाउँपालिका
Shivanath Rural Muncipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi
Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०८१/०८२
सूचना नं.(Information No.) १०

नि. प्रमुख प्रशासकीय अधिकृत

# ।।आन्तरिक आय तर्फको ठेक्का आह्वान सम्बन्धी सूचना।।

दोस्रो पटक प्रकाशित मितिः-२०८१/०५/२६गते।

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ३ को दफा(११)(घ)छ बमोजिम भएको व्यबस्था,शिवनाथ गाउँपालिका गाउँकार्यपालिकाले स्विकृत गरेको प्रारम्भिक वातावरणिय परिक्षण (IEE)प्रतिवेदन बमोजिम यस गाउँपालिकाको वार्ड नं.१स्थित महाकाली नदी आसपास क्षेत्रमा आ.व.२०८१/०८२ मा आन्तरिक आयका लागि नदी क्षेत्रबाट नदीजन्य पदार्थ बालुवा संकलनका लागि बोलपत्र आह्वान गर्नु पर्ने हुँदा उल्लेखित ठेक्काको प्रथम पटकका लागि ७ दिने सूचना प्रकाशित गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति,फर्म वा संस्थालाई न्युनतम अंकमा रकम नघट्ने गरी यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना आह्वान गरिन्छ।

## आन्तरिक आय ठेक्का विवरण

### ठेक्का सम्बन्धी शर्तहरु:-

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | कुल न्युनतम अंक रु. | ५% धरौटी रकम | बोलपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | 03/SRM/INTERNAL/2081/082 | महाकाली नदी स्थित नागार्जुन घाट क्षेत्र बाट बालुवा संकलन गर्ने कार्य | ५,५४,०००।- | २८,०००।- | १०००।- | |

१. माथि उल्लेखित ठेक्काको फाराम भर्दा कुल कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। कबोल रकम स्पष्ट उल्लेख नगरेमा स्वतः रद्द हुनेछ र सबैभन्दा बढी कबोल अंक उल्लेख गर्ने बोलपत्रदाता हरुको बोलपत्र स्विकृत गरिनेछ।

२. ठेक्का अवधि सम्झौता भएको मिति बाट २०८२ साल आषाढ मसान्त सम्म हुनेछ। सम्झौता पश्चात बोलपत्रदाताले कुनै पनि कारणले ठेक्का सम्झौता अन्त्य गर्न पाउने छैन।

नि. प्रमुख प्रशासकीय अधिकृत

शिवनाथ गाउँपालिका
Shivanath Rural Muncipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi
Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) - २०८१/०८२
सूचना नं.(Information No.) ९०

३. माथि उल्लेखित ठेक्का अंकको ५ प्रतिशतले हुनआउने धरौटी(पछि फिर्ता हुने गरी) रकम यस कार्यालयको नेपाल एस बि आई बैंक सुल्लेखानमा रहेको च.हि.नं.४१८२५२४०६००००३ धरौटी जम्मा गर्ने वा सो रकम बराबरको ४५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी बैंक जमानत पत्र(बिड बण्ड) एवंम् बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर(पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखा वा च.हि.नं.४१८९५२४१२०७००४ राजश्व खातामा जम्मा गरेको भौचर सम्बन्धित व्यक्तिको नागरिता सहित पेश गर्नु पर्नेछ।

४. बोलपत्र खरिद गर्ने अन्तिम म्याद प्रकाशित भएको मितिले ७ औं दिन सम्म हुनेछ। ८ औं दिनको १२:०० बजेसम्म पेश गर्न सकिनेछ र सोहि दिनको १३:०० बजे बोलपत्र खोलिनेछ।

५. अस्थायि ठेक्का चलनपुर्जी दिईने छैन। सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन। समयमा सम्झौता नगरी ठेक्का चलनपुर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन।

६. नदिबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी यस कार्यालयमा बुझाउनु पर्नेछ।

७. पट्टा व्यावसायिले यस बोलपत्रमा भएका सम्पुर्ण शर्तहरुको पुर्णरुपमा पालना गर्नुपर्नेछ र सोको अनुगमन यस कार्यालय तथा अन्तर्गतका नियामक निकायहरुबाट गरिनेछ। अनुगमनका क्रममा कुनै कैफियत भेटिएमा कार्यालयले जुनसुकै बखत ठेक्का सम्झौता अन्त्य गरी आवश्यक कारवाही गर्नेछ।

८. स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण(IEE)प्रतिवेदनले औल्याएका वातावरणिय प्रभाव न्युनिकरणका उपायहरुको पुर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रिवितरण गर्नुपर्नेछ।

९. ठेक्का पट्टा प्राप्त गरे पश्चात पट्टा सम्वन्धि सम्पुर्ण जानकारी देखिने गरी सञ्चालन हुने स्थानमा विवरणहरु राख्नु पर्नेछ।

१०. उत्खनन गर्दा नदिजन्य पदार्थ कार्यबाहेक अन्य कार्यहरु प्रचलित कानुनले प्रतिबन्ध गरेका कुनैपनि नदिजन्य क्रियाकलापहरु गर्नपाउने छैन।

११. विगतका आर्थिक वर्षहरुमा ठेक्का सम्झौता गरी सम्झौता अनुसार कार्य सम्पन्न नगरेका, सम्झौता भंग गरेका, कुनै किसिमको सरकारी बाँकी अथवा पेश्की/भुक्तानी बाँकी रहेका र नियमानुसारको राजश्व र बेरुजु दाखिला नगरेका व्यक्ती, फर्म वा सँस्थाले पेश गरेको ठेक्का दरभाउ माथी कुनै कारबाही हुनेछैन।

शिवनाथ गाउँपालिका
Shivanath Rural Muncipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi

Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०८१/०८२
सूचना नं.(Information No.) ९०

१२.शर्त बमोजिम पेश नभएका,रित नपपुगेका र म्याद नाघि आएका बोलपत्रमाथि कुनै कारवाहि हुनेछैन र कुनै किसिमले बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालय सँग निहित रहनेछ। ठेक्का सम्बन्धि कुनै विवाद आएमा त्यसको निरुपण गर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा रहनेछ। थप जानकारी र बोलपत्र खरिदका लागि यस कार्यालय वा मोबाईल नं.९८४८७५४५१४मा सम्पर्क गर्न सकिनेछ।

१३.ठेक्का स्विकृति पश्चात पेश गर्नु पर्ने कबोल रकम सम्झौता अगाडीनै नगद सहित तथा यस कार्यालयको हि.नं. ४१८९५२४१२०७००४ राजश्व खाता जम्मा गरेको भौचर सहित पेश गर्नु पर्नेछ। यदि कबोल रकम किस्ताबन्दीमा बुझाउनेको हकमा कबोल अंकको कम्तिमा ५०% रकम सम्झौता पुर्वनै दाखिला गरी बाँकी रकम बराबरको बैंक जमानत वा प्रतिवद्दता पेश गरेपश्चात मात्र सम्झौता अगाडी बढाईनेछ।

१४.नदिजन्य पदार्थ संकलन गर्दा आवश्यक पर्ने संशाधनहरुको व्वस्था सम्वन्धित सञ्चालकले नै गर्नुपर्नेछ र पहुँच मार्ग निर्माण तथा मर्मत यस कार्यालय बाट गरिनेछ।

१५.यस ठेक्का सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछन।

१६.व्यावसायिले बालुवा संकलन गर्दा हाल लाई रोयल्टी बाफत प्रति ट्याक्टर रु.१०००।—का दरले मात्र रोयल्टी उठाउन पाउनेछ। अन्य सवारी साधनका हकमा कार्यालयको निर्णय बमोजिम निर्धारण गर्न सकिनेछ।

०८१/५/२६

नि.प्रमुख प्रशासकीय अधिकृत